**सर्वोच्च अदालतको**
**सूचना १**

## सर्वोच्च अदालत (एघारौं संशोधन) नियमावली, २०६७

सर्वोच्च अदालत नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सर्वोच्च अदालत ऐन, २०४८ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "सर्वोच्च अदालत (एघारौं संशोधन) नियमावली, २०६७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २ मा संशोधनः** सर्वोच्च अदालत नियमावली,२०४९ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

खण्ड (ठ) पछि देहायका खण्ड (ड) र (ढ) थपिएका छन् :-

"(ड) "निर्देशनालय" भन्नाले नियम १०५ङ. बमोजिमको फैसला कार्यान्वयन निर्देशनालय सम्झनु पर्छ।

(ढ) "महानिर्देशक" भन्नाले निर्देशनालयको महानिर्देशक सम्झनु पर्छ ।"

३. **मूल नियमावलीको नियम १३घ. मा संशोधनः** मूल नियमावलीको नियम १३घ. को ठाउँ ठाउँमा रहेका "सम्पादन" भन्ने शब्दको सट्टा "सम्पादन तथा प्रकाशन" भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल नियमावलीको नियम १३घ३. मा संशोधनः** मूल नियमावलीको नियम १३घ३. को,-

(१) उपनियम (१) मा रहेका "नीति निर्धारण गर्न र" भन्ने शब्दहरु पछि "सो नीतिको कार्यान्वयनको रेखदेख र अनुगमन गरी" भन्ने शब्दहरु थपी सोही उपनियमको खण्ड (ग), (घ) र (ङ) को सट्टा देहायका (ग), (घ) र (ङ) राखिएका छन् :-

"(ग) प्रधान न्यायाधीशले तोकेको पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीश एकजना -सदस्य
(घ) रजिष्ट्रार -सदस्य
(ङ) निर्देशक, सूचना प्रविधि महाशाखा, सर्वोच्च अदालत -सदस्य-सचिव"

(२) उपनियम (२) मा रहेका "आवश्यक कदम चाल्नेछ" भन्ने शब्दहरुको सट्टा "आवश्यक कार्य गर्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

५. **मूल नियमावलीमा नियम १३घ४. र १३घ५. थपः** मूल नियमावलीको नियम १३घ३. पछि देहायका १३घ४. र १३घ५. थपिएका छन् :-

"१३घ४. **केन्द्रीय न्याय क्षेत्र समन्वय समितिः** (१) सर्वोच्च अदालत, मातहत अदालत तथा न्यायिक निकायहरूको काम कारबाही सुव्यवस्थित ढंगले सञ्चालन गराउन, जिल्ला तथा पुनरावेदन तहका न्यायक्षेत्र समन्वय समितिका काम कारबाही, न्यायपालिकाको रणनीतिक योजना, फैसला र आदेशको कार्यान्वयनलाई प्रभावकारिता दिन एवं अदालतको सुरक्षा व्यवस्थालाई समेत समन्वय गर्न देहाय बमोजिमको एक केन्द्रीय न्याय क्षेत्र समन्वय समिति रहनेछ :-

(क) प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश एकजना - अध्यक्ष
(ख) प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश एकजना - सदस्य
(ग) प्रधान न्यायाधीशले तोकेको पुनरावेदन अदालतको मुख्य न्यायाधीश एकजना - सदस्य
(घ) कार्यकारी निर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान - सदस्य
(ङ) रजिष्ट्रार - सदस्य

| | | |
|---|---|---|
| (च) | सचिव, न्याय परिषद् | - सदस्य |
| (छ) | सचिव, कानून तथा न्याय मन्त्रालय | - सदस्य |
| (ज) | महान्यायाधिवक्ताले तोकेको नायव महान्यायाधिवक्ता | - सदस्य |
| (झ) | प्रहरी महानिरीक्षकले तोकेको अतिरिक्त प्रहरी महानिरीक्षक | - सदस्य |
| (ञ) | प्रधान न्यायाधीशले तोकेको जिल्ला न्यायाधीश एकजना | - सदस्य |
| (ट) | अध्यक्ष, नेपाल बार एशोसिएशन | - सदस्य |
| (ठ) | सहसचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (ड) | सहसचिव, राष्ट्रिय योजना आयोग | - सदस्य |
| (ढ) | महानिर्देशक, कारागार व्यवस्थापन विभाग | - सदस्य |
| (ण) | महानिर्देशक | - सदस्य |
| (त) | प्रधान न्यायाधीशले मनोनीत गरेको नागरिक समाजको प्रतिनिधि एकजना | - सदस्य |
| (थ) | सह-रजिष्ट्रार, अनुगमन तथा निरीक्षण महाशाखा, सर्वोच्च अदालत | -सदस्य-सचिव |

(२) उपनियम (१) को खण्ड (त) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको बैठकमा अध्यक्षले आवश्यक सम्झेका अन्य न्यायाधीश, पदाधिकारी तथा व्यक्तिलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

(४) केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको बैठकमा अदालतमा विचाराधीन कुनै मुद्दा, कुनै पनि पदाधिकारीको व्यक्तिगत आचरण र अरु कुनै निकायसंग असम्बन्धित नितान्त आन्तरिक विषयमा छलफल गरिने छैन ।

**१३घ५. <u>अनुसन्धान समिति</u>:** सर्वोच्च अदालत तथा मातहत अदालतमा दायर भएका मुद्दाको प्रकृति, फछ्र्यौटको स्थिति, न्याय प्रशासन र न्यायिक सुधार आदि विषयमा आवश्यक अनुसन्धान गरी नीति निर्माणको लागि सिफारिस गर्न र सो सम्बन्धमा अनुसन्धान गर्न तथा योजना महाशाखालाई आवश्यक निर्देशन दिन देहाय बमोजिमको एक अनुसन्धान समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश एक जना | - अध्यक्ष |
| (ख) | कार्यकारी निर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान | - सदस्य |
| (ग) | रजिष्ट्रार | - सदस्य |
| (घ) | सचिव, न्याय परिषद् | - सदस्य |
| (ङ) | महान्यायधिवक्ताले तोकेको नायव महान्यायाधिवक्ता एकजना | - सदस्य |
| (च) | नेपाल बार एशोसिएशनले तोकेको वरिष्ठ अधिवक्ता वा अधिवक्ता एकजना | - सदस्य |
| (छ) | सह-रजिष्ट्रार, अनुसन्धान तथा योजना महाशाखा, सर्वोच्च अदालत | -सदस्य-सचिव" |

६. **<u>मूल नियमावलीको नियम १४ मा संशोधन:</u>** मूल नियमावलीको नियम १४ को सट्टा देहायको नियम १४ राखिएको छ :-

"१४. **<u>निर्णयको जानकारी र कार्यान्वयन</u>**: (१) स्थायी समिति, विशेष समिति र पूर्ण बैठकबाट भएका निर्णयहरुको जानकारी रजिष्ट्रारले सबै न्यायाधीशलाई दिनेछ ।

(२) स्थायी समिति, विशेष समिति र पूर्ण बैठकबाट भएका निर्णयको कार्यान्वयन गर्ने जिम्मेवारी रजिष्ट्रारको हुनेछ ।"

७. **<u>मूल नियमावलीको नियम १५ मा संशोधन:</u>** मूल नियमावलीको नियम १५ को उपनियम (१) को खण्ड (त) को शुरुमा "प्रधान न्यायाधीशले समय समयमा दिने विशेष निर्देशनको अधीनमा रही" भन्ने शब्दहरु थपिएका छन् ।

८. **<u>मूल नियमावलीको नियम २१ मा संशोधन:</u>** मूल नियमावलीको नियम २१ को उपनियम (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :–

"तर सूचना प्रविधि महाशाखाको हकमा सोही महाशाखाको निर्देशकले महाशाखा प्रमुखको रुपमा काम गर्नेछ ।"

९. **<u>मूल नियमावलीमा नियम २१क. थप:</u>** मूल नियमावलीको नियम २१ पछि देहायका २१क. थपिएको छ :-

"२१क. **निर्देशकको काम, कर्तव्य र अधिकार:** सूचना प्रविधि महाशाखाको निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सूचना प्रविधि महाशाखा र मातहत अदालतको सूचना प्रविधि शाखाको आर्थिक तथा प्रशासनिक प्रवन्धको वार्षिक कार्ययोजना बनाई रजिष्ट्रार समक्ष पेश गर्ने,

(ख) सर्वोच्च अदालत, मातहत अदालत तथा अन्य न्यायिक निकायका लागि आवश्यक पर्ने सूचना प्रविधि सम्बन्धी आधुनिक उपकरण जडान गर्नको लागि रजिष्ट्रार समक्ष पेश गर्ने,

(ग) सूचना प्रविधि महाशाखा र मातहत अदालतका सूचना प्रविधि शाखालाई आवश्यक पर्ने जनशक्ति उपयुक्त स्थानमा खटाउने काममा रजिष्ट्रारलाई सहयोग गर्ने,

(घ) सूचना प्रविधि सम्बन्धी नवीनतम् क्रियाकलापहरूलाई अदालतको कार्य प्रणालीमा समावेश गर्ने,

(ङ) सूचना प्रविधिको सञ्चालन र संरक्षणका लागि तोकिएको जिम्मेवारी पूरा नगर्ने प्राविधिक र अन्य कर्मचारीलाई आवश्यक कानूनी कारबाहीका लागि रजिष्ट्रार समक्ष लेखी पठाउने,

(च) सूचना प्रविधिको विकास र विस्तारका लागि सरोकारवाला निकायहरूसँग समन्वय गर्ने,

(छ) सूचना प्रविधि सम्बन्धमा मातहत अदालत र निकायहरूमा भइरहेका कामको नियमित निरीक्षण तथा अनुगमन गर्ने,

(ज) सूचना प्रविधि समिति र रजिष्ट्रारको नीति र निर्देशनमा रही सूचना प्रविधिको स्थापना, विकास र विस्तारका लागि आवश्यक कार्य गर्ने,

(झ) न्यायपालिकालाई सूचना प्रविधि मैत्री बनाउन आवश्यक कार्य गर्ने,

(ञ) सर्वोच्च अदालतबाट तोकिएका अन्य काम कार्य गर्ने गराउने ।"

१०. **मूल नियमावलीको नियम २२ख. मा संशोधन:** मूल नियमावलीको नियम २२ख. को खण्ड (ख) मा रहेको "सम्पादन" भन्ने शब्दको सट्टा "सम्पादन तथा प्रकाशन" भन्ने शब्दहरु राखिएका छन् ।

११. **मूल नियमावलीको नियम ४२क. मा संशोधन:** मूल नियमावलीको नियम ४२क. मा रहेका "३५ दिन" भन्ने अंक र अक्षरहरुको सट्टा "१५ दिन" भन्ने अंक र अक्षरहरु राखिएका छन् ।

१२. **मूल नियमावलीको नियम ५४ मा संशोधन:** मूल नियमावलीको नियम ५४ को,-

(१) उपनियम (२) मा रहेको "नक्कल" भन्ने शब्द पछि "तथा मुद्दा दोहऱ्याई पाउन लिएका जिकिर समर्थन गर्ने प्रमाण कागजातका प्रतिलिपि" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपनियम (३) झिकिएको छ ।

१३ **मूल नियमावलीमा नियम ५८क. थप:** मूल नियमावलीको नियम ५८ पछि देहायको नियम ५८क. थपिएको छ :–

"५८क. **मुद्दाको समय तालिका उपलब्ध गराउने :** (१) पुनरावेदनपत्र दर्ता भएपछि पुनरावेदक र झिकाइएका प्रत्यर्थीलाई अदालतले अनुसूची-५क. बमोजिमको ढाँचामा प्रत्येक मुद्दाको कारबाहीको समय तालिका उपलब्ध गराउनेछ ।

(२) उपनियम (१) बमोजिमको समय तालिकाको एक प्रतिमा पक्षको सहीछाप गराई शाखा प्रमुखले प्रमाणित गरी मिसिल सामेल राख्नु पर्नेछ ।"

१४. **मूल नियमावलीको नियम ५९ मा संशोधन:** मूल नियमावलीको नियम ५९ को सट्टा देहायको नियम ५९ राखिएको छ :–

"५९. **तारिखमा नरहने:** (१) मुलुकी ऐन अदालती बन्दोबस्तको १९४ नं. को अवस्थामा बाहेक पुनरावेदन तहको मुद्दामा पुनरावेदक र प्रत्यर्थीलाई तारिखमा राखिने छैन ।

(२) उपनियम (१) बमोजिम तारिखमा नरहेका मुद्दाका कुनै पक्षले तारिखमा रहन पाउँ भनी निवेदन दिएमा तारिखमा राखिनेछ ।

(३) तारिखमा नरहेका मुद्दाका कुनै पक्षलाई अदालतले आवश्यकतानुसार झिकाई बुझ्न सक्नेछ।

(४) उपनियम (२) बमोजिम तारिखमा रहेका कुनै पक्षले तारिख गुजारे पनि मुद्दाको कारबाहीमा कुनै असर पर्ने छैन ।

(५) उपनियम (४) बमोजिम तारिख गुजारेको कुनै पक्षले चाहेमा जुनसुकै अवस्थामा निवेदन दिई पुनः तारिखमा रहन सक्नेछ ।

(६) यो नियम प्रारम्भ हुँदाका बखत तारिखमा रहेका पक्षहरूको हकमा समेत यस नियम बमोजिमको प्रावधान लागू हुनेछ ।"

१५. **मूल नियमावलीमा नियम ६०क. थप:** मूल नियमावलीको नियम ६० पछि देहायको नियम ६०क. थपिएको छः–

"६०क. **मुद्दामा पेशी वा तारेख तोक्ने** :(१) नियम ५९ बमोजिम पुनरावेदक वा प्रत्यर्थी तारिखमा बसेको भए मुद्दाको कारबाहीको सिलसिलामा वा पेशी तारिख तोक्दा यथासम्भव निजहरूको सुविधालाई विचार गरिनेछ । निजहरुको इच्छा अनुसारको दिन पेशी वा तारिख तोक्न अदालत बाध्य हुने छैन । मुद्दाको अंग पुगेपछि मुद्दाको चाप र समयतालिकालाई विचार गरी रजिष्ट्रारले मुद्दा पेशीमा चढाउनेछ ।

तर त्यसरी पेशीमा चढाउँदा पक्षहरूलाई नियम ५८क. बमोजिम उपलब्ध गराइएको समय तालिकाभन्दा अगावै पेशीमा चढाइने छैन ।

(२) पक्षहरूलाई मुद्दाको कारबाहीको स्थिति र पेशी सम्बन्धी जानकारी अनुसूची-५ख. बमोजिमको ढाँचामा पक्षले इच्छा गरे अनुसारको कुनै एक माध्यमबाट उपलब्ध गराइनेछ । त्यसरी इच्छाउँदा मूल र वैकल्पिक गरी कुनै दुई माध्यम छनौट गरी इच्छाउन सकिनेछ ।

(३) उपनियम (२) बमोजिमको जानकारी फाराम शाखा प्रमुखले प्रमाणित गरी एक प्रति सम्बन्धित मिसिल संलग्न गरिनेछ ।"

१६. **मूल नियमावलीको नियम ६१ मा संशोधन:** मूल नियमावलीको नियम ६१ को सट्टा देहायको नियम ६१ राखिएको छ :-

"६१ **रजिष्ट्रारले तारिख तोक्न लगाउने:** (१) इजलासबाट भएको आदेशको अधीनमा रही रजिष्ट्रारले अदालतले गर्ने कारबाही सम्बन्धी आदेशपत्रमा मुद्दाका पक्षहरु वा निजहरुको वारिसको सही गराई मुनासिव माफिकको तारिख तोक्न लगाउनु पर्छ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सूचना प्रविधि सञ्जालमा आवद्ध मातहत अदालतबाट पनि मुद्दाका पक्षले तारिख लिन चाहेमा सम्बन्धित अदालतबाट तारिख दिन सकिनेछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संविधानको धारा १०७ को उपधारा (१) र (२) बमोजिमको निवेदनपत्रको पहिलो सुनुवाईको लागि निवेदनपत्र दर्ता भएको साधारणतः तीन दिनभित्र पेश गर्ने गरी तारिख तोक्न लगाउनु पर्छ ।"

१७. **मूल नियमावलीको नियम ६३ मा संशोधन:** मूल नियमावलीको नियम ६३ को उपनियम (३) को खण्ड (च) पछि देहायका खण्ड (च१), (च२), (च३), (च४) र (च५) थपिएका छन् :-

"(च१) पुनरावेदन अदालतबाट मुद्दाको कारबाही र फैसला कार्यान्वयनको सिलसिलामा दिइएको अन्तिम तथा अन्तर्कालीन आदेश उपर पर्न आउने निवेदन तथा रिट निवेदनहरु,

(च२) मध्यस्थता सम्बन्धी रिट निवेदनहरू,

(च३) करार ऐन, २०५६ को दफा ८७ अन्तर्गत पुनरावेदन अदालतको निर्णय उपर पर्न आउने पुनरावेदनहरू,

(च४) अन्तरिम आदेश जारी भएका मुद्दा तथा निवेदनहरू,

(च५) मुद्दाको प्रकृतिबाट चाँडो किनारा हुन आवश्यक छ भनी प्रधान न्यायाधीश वा मुद्दा हेर्ने इजलासले अग्राधिकार दिई हेर्न आदेश भएका मुद्दा ।"

१८. **मूल नियमावलीको नियम ६५ मा संशोधनः** मूल नियमावलीको नियम ६५ को उपनियम (३) मा रहेका "हेर्दा हेर्दैको मुद्दा" भन्ने शब्दहरु पछि "लगाउका मुद्दाहरूमध्ये कुनै वा केही मुद्दा मात्र स्थगित गराउन आएको मुद्दा" भन्ने शब्दहरु थपिएका छन् ।

१९. **मूल नियमावलीको नियम ६५ग. मा संशोधनः** मूल नियमावलीको नियम ६५ग. पछि देहायको ६५ग१. थपिएको छ :-

"**६५ग१. रजिष्ट्रारले मेलमिलापमा पठाउनेः** कुनै मुद्दामा तारिखमा रहेका दुवै पक्षको पहिलो तारिख मिलान भएकै दिन मेलमिलाप प्रक्रिया अपनाउन पक्षहरूको लिखित सहमति भएमा त्यस्तो मुद्दा मेलमिलापकर्ताको सूचीमा सूचीकृत भएका व्यक्ति वा संस्था समक्ष बढीमा एक महिनाको समय दिई मेलमिलापको लागि पठाउने गरी रजिष्ट्रारले आदेश गर्न सक्नेछ ।

तर नियम ९ बमोजिम न्यायाधीशहरूको समूह गठन गरी हेरिने सूचीमा परेका मुद्दाको हकमा यो व्यवस्था लागू हुने छैन ।"

२०. **मूल नियमावलीको नियम १०५क. मा संशोधनः** मूल नियमावलीको नियम १०५क. को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ :-

"(३) सूचना प्रविधि समितिको निर्णय अनुसार मुद्दाका सेवाग्राही, कानून व्यवसायी र अन्य सरोकारवालाको लागि अनलाईनमार्फत फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र, रिट निवेदन, लिखित जवाफ, निवेदन आदि दर्ता गर्न र साक्षी परीक्षण एवं विशेषज्ञको वयान भिडियो कन्फेन्सिङको माध्यमबाट गर्ने लगायतका कार्यहरु गर्न सकिनेछ ।"

२१. **मूल नियमावलीमा परिच्छेद- १३ख. थपः** मूल नियमावलीको परिच्छेद-१३क. पछि देहायको परिच्छेद- १३ख. थपिएको छ :-

**"परिच्छेद-१३ख.**

**निर्देशनालय सम्बन्धी व्यवस्था**

**१०५ङ. निर्देशनालयः** (१) सर्वोच्च अदालत र मातहत अदालतबाट भएको फैसला तथा अन्तिम आदेशको कार्यान्वयन तथा अनुगमनका लागि सर्वोच्च अदालत अर्न्तगत एक फैसला कार्यान्वयन निर्देशनालय रहनेछ ।

(२) सर्वोच्च अदालतले नेपाल न्याय सेवा, न्याय समूहको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतलाई महानिर्देशकको रुपमा काम गर्ने गरी तोक्नेछ ।

(३) निर्देशनालयमा आवश्यकतानुसार कर्मचारीहरू रहनेछन् ।

(४) निर्देशनालयमा आवश्यकतानुसार केन्द्रीय लगत अभिलेख महाशाखा, दण्ड जरिवाना तथा निर्णय आदेश कार्यान्वयन महाशाखा र अन्य शाखाहरू रहनेछन् ।

(५) निर्देशनालयले आफूले सम्पादन गरेका कामहरूको प्रतिवेदन सर्वोच्च अदालतमा पेश गर्नु पर्नेछ ।

**१०५च. निर्देशनालयको काम, कर्तव्य र अधिकारः** निर्देशनालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) फैसला कार्यान्वयन सम्बन्धी केन्द्रीय निकायको रुपमा काम गर्ने,

(ख) फैसला बमोजिमको दण्ड जरिवाना, सरकारी बिगो सम्बन्धी लगत कम्प्युटर सञ्जालमा समेत राखी केन्द्रीय अभिलेखालयको काम गर्ने,

(ग) सर्वोच्च अदालतबाट शुरु कारबाही र किनारा भएका मुद्दामा फैसला वा अन्तिम आदेश अनुसार कायम हुने लगतको विवरण राखी असूल उपर गर्न सम्बन्धित अड्डा, अदालत वा निकायमा लेखी पठाउने,

(घ) सर्वोच्च अदालतबाट रिट निवेदनको सन्दर्भमा जारी भएका अन्तिम आदेश तथा निर्णयको कार्यान्वयन भए नभएको अनुगमन गरी कार्यान्वयन गराउने,

(ङ) विभिन्न अदालतको फैसलाअनुसार लागेको दण्ड, जरिवाना, कैद र सरकारी बिगो असुल तहसिल गर्ने र फैसला बमोजिम बिगो भराउने, चलन चलाउने, वण्डा छुट्याउने एवं पीडितलाई क्षतिपूर्ति भराउने लगायतका कार्यमा सहयोग पुऱ्याउने र त्यसको अनुगमन गर्ने,

(च) कैद, दण्ड जरिवाना, सरकारी विगोको अद्यावधिक लगत प्रकाशन गरी नेपाल सरकारका विभिन्न निकायहरूमा असुल उपरको लागि लेखी पठाउने,

(छ) मुद्दाको जिन्सी सामानको व्यवस्थापन सम्बन्धी नीति तयार गरी त्यसकों संरक्षण गर्ने, गराउने र अभिलेख राख्ने,

(ज) धरौट तथा जेथा जमानत सम्बन्धी अभिलेख व्यवस्थापन गर्ने गराउने,

(झ) फैसला कार्यान्वयन सम्बन्धमा मातहतका अदालत तथा अर्धन्यायिक निकायहरूलाई नीतिगत निर्देशन दिने,

(ञ) फैसला कार्यान्वयनमा संलग्न कर्मचारीलाई आवश्यकतानुसार क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(ट) फैसला कार्यान्वयनको क्रममा आई परेका समस्याहरू समाधान गर्न आवश्यकतानुसार प्रहरी समेत परिचालन गरी आवश्यक उपायहरू अवलम्वन गर्ने, गराउने,

(ठ) फैसला कार्यान्वयन सम्बन्धमा सरोकारवालाहरूसँग समन्वय कायम गरी सहयोग प्राप्त गर्ने प्रवन्ध मिलाउने,

(ड) फैसला कार्यान्वयन सम्बन्धी काम कारबाहीको निरीक्षण, अनुगमन एवं मूल्याङ्कन गर्ने र फैसला कार्यान्वयन सम्बन्धमा गर्नु पर्ने नीतिगत तथा कानूनी सुधारको विषयमा सर्वोच्च अदालत समक्ष सुझाव पेश गर्ने,

(ढ) दण्ड जरिवाना तथा सरकारी बिगोको लगत र अभिलेख व्यवस्थापन गर्ने प्रयोजनको लागि आवश्यक पर्ने फारामका ढाँचाहरू स्वीकृत गरी गराई लागू गर्ने गराउने,

(ण) फैसला कार्यान्वयनलाई आवश्यक पर्ने सफ्टवेयर निर्माण गरी आफ्नो काम, कारबाहीलाई सूचना प्रविधि सञ्जालमा आवद्ध गर्ने, गराउने,

(त) सर्वोच्च अदालतबाट तोकिएका अन्य कामहरू गर्ने गराउने ।

**१०५छ.. <u>महानिर्देशकको अधिकार:</u>** (१) महानिर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) निर्देशनालयको प्रमुखको रुपमा काम गर्ने,

(ख) निर्देशनालयको आर्थिक तथा प्रशासनिक प्रवन्ध गर्ने,

(ग) निर्देशनालयको वार्षिक कार्यक्रम तर्जुमा गर्ने,

(घ) निर्देशनालयका कर्मचारीहरूलाई कार्य विवरण सहितको जिम्मेवारी दिने,

(ङ) दण्ड, जरिवाना, सरकारी विगो, कैद असुल तहसिलका लागि प्रहरी परिचालनको आवश्यक व्यवस्था गर्ने, गराउने,

(च) फैसला कार्यान्वयनको सिलसिलामा आइपरेका कठिनाइको वारेमा लेखी आएको विषयमा वा निरीक्षणको क्रममा कुनै समस्या देखिन आएको विषयमा कानून बमोजिम आवश्यक निकासा दिने,

(छ) फैसला कार्यान्वयनको सिलसिलामा तहसिलदार वा सो कार्यमा संलग्न कर्मचारीको वद्नियत रहेको भन्ने देखिन आएमा अख्तियारवाला समक्ष आवश्यक कारबाहीको लागि लेखी पठाउने,

(ज) फैसला कार्यान्वयन सम्बन्धी सरोकारवाला निकायहरूसँग समन्वय गर्ने,

(झ) फैसला कार्यान्वयनको सम्बन्धमा मातहत अदालतको नियमित निरीक्षण तथा अनुगमन गर्ने, गराउने,

(ञ) सर्वोच्च अदालतबाट तोकिएको अन्य कामहरू गर्ने, गराउने ।

(२) महानिर्देशकले उपनियम (१) बमोजिमका कुनै अधिकार आवश्यकता अनुसार निर्देशनालयका निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१०५ज. <u>केन्द्रीय लगत अभिलेख महाशाखाका निर्देशकको काम, कर्तव्य अधिकार</u>:** केन्द्रीय लगत अभिलेख महाशाखाका निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मातहतका अदालतहरूबाट प्राप्त दण्ड, जरिवाना, कैद, सरकारी विगो तथा जिन्सी सम्बन्धी सामान लगायत फैसला कार्यान्वयन सम्बन्धी प्राप्त अन्य विवरणलाई केन्द्रीय अभिलेखमा राखी नियमित रुपमा अद्यावधिक गर्ने,

(ख) दण्ड जरिवानाको लगतलाई केन्द्रीय कम्प्युटर सञ्जालमा आवद्ध गराई सरोकारवाला निकायसम्म सूचना प्रवाह गर्ने,

(ग) दण्ड जरिवानाको लगतको अद्यावधिक लगत विवरण असुल तहसिलका लागि दण्ड जरिवाना तथा निर्णय आदेश कार्यान्वयन महाशाखामा पठाउने,

(घ) दण्ड जरिवानाको लगतको केन्द्रीय अभिलेखलाई व्यवस्थित गर्न अपनाउनु पर्ने रणनीति बनाई महानिर्देशक समक्ष पेश गर्ने,

(ङ) महानिर्देशकले तोके बमोजिमको अन्य कार्य गर्ने ।

**१०५झ. <u>दण्ड जरिवाना तथा निर्णय आदेश कार्यान्वयन महाशाखाका निर्देशकको काम, कर्तव्य अधिकार</u>:** दण्ड जरिवाना तथा निर्णय आदेश कार्यान्वयन महाशाखाका निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दण्ड जरिवाना असुल तहसिललाई प्रभावकारी बनाउन अपनाउनु पर्ने रणनीति तर्जुमा गरी महानिर्देशक समक्ष पेश गर्ने,

(ख) केन्द्रीय लगत अभिलेख महाशाखाबाट प्राप्त भएको दण्ड, जरिवाना, सरकारी विगो र कैदको लगत विवरण अनुसारका व्यक्तिहरू पक्राउ गरी असूल तहसिल गराउने,

(ग) आफ्नो महाशाखा अन्तर्गतका शाखाहरूको काम कारबाहीलाई छिटो छरितो र प्रभावकारी रुपमा सम्पन्न गर्ने,

(घ) फैसला कार्यान्वयनको सिलसिलामा आवश्यकतानुसार प्रहरी जनशक्ति समेतको व्यवस्था मिलाई समुचित परिचालन र व्यवस्थापन गर्ने, गराउने,

(ङ) महानिर्देशकले तोके बमोजिमका कार्य गर्ने ।

**१०५ञ. <u>सजायमा</u> <u>छुट एवं लगत कट्टा गर्न सक्ने</u>:** (१) मुलुकी ऐन दण्ड सजायको महलको २४ नं.को अधीनमा रही निर्देशनालयले उपनियम (५) बमोजिमको केन्द्रीय लगत कट्टा समितिको निर्णय अनुसार समय समयमा सूचना प्रकाशन गरी तोकेको अवधिभित्र अन्तिम फैसला बमोजिम कायम भएको कैद, जरिवाना वा सरकारी बिगो बुझाउन आएमा देहाय बमोजिम छुट दिई लगत कट्टा गर्न गराउन सक्नेछ :-

(क) सूचना प्रकाशन भएको मितिले पचास वर्षभन्दा अघिको अन्तिम फैसला बमोजिमको लगतमा ७५ प्रतिशत,

(ख) सूचना प्रकाशन भएको मितिले तीस वर्षभन्दा अघि पचास वर्षसम्मको अन्तिम फैसला बमोजिमको लगतमा ५० प्रतिशत,

(ग) सूचना प्रकाशन भएको मितिले बीस वर्षभन्दा अघि तीस वर्षसम्मको अन्तिम फैसला बमोजिमको लगतमा २५ प्रतिशत।

(२) लगत असुल तहसिल कार्यका लागि खटिएको डोर वा अन्य व्यक्ति वा संस्था समेत जो सुकैले कैद, जरिवाना र सरकारी विगो असुल गरी ल्याएमा जिल्ला अदालत नियमावलीमा व्यवस्था भए बमोजिमको प्रोत्साहन रकम पाउनेछ।

(३) निर्देशनालयले उपनियम (५) बमोजिमको केन्द्रीय लगत कट्टा समितिले मापदण्ड निर्धारण गरी गरेको निर्णयको अधीनमा रही देहाय बमोजिमको मातहत अदालतहरूमा अन्तिम फैसला बमोजिम रहेका लगत कट्टा गर्न आदेश दिन सक्नेछ :-

(क) कैद जरिवाना लागेको व्यक्तिको उमेर एक सय वर्ष पूरा भै सकेको,

(ख) दुई वर्षसम्म कैद र पच्चीस हजार रूपैयाँसम्मको जरिवाना र पच्चीस हजार रूपैयाँसम्मको सरकारी बिगो बीस वर्षसम्म असुल उपर हुन नसकेको ।

(४) उपनियम (३) को खण्ड (ख) को प्रयोजनको लागि मापदण्ड निर्धारण गर्दा केन्द्रीय लगत कट्टा समितिले देहायका कुराहरूलाई विचार गर्नु पर्नेछः-

(क) प्रतिवादीको उमेर,
(ख) अपराधको प्रकृति,
(ग) नेपाल सरकारले सजाय सम्बन्धमा लिएको नीति,
(घ) पीडितको अवस्था, र
(ङ) सर्वोच्च अदालतले समय समयमा दिएका निर्देशन।

(५) यस नियम बमोजिम प्रयोजनको सजायको लगत कट्टा गर्नको लागि देहाय बमोजिमको एक केन्द्रीय लगत कट्टा समिति रहनेछन् :–

| | | |
|---|---|---|
| (क) | प्रधान न्यायाधीशले तोकेको पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीश | - अध्यक्ष |
| (ख) | प्रधान न्यायाधीशले तोकेको एकजना जिल्ला न्यायाधीश | - सदस्य |
| (ग) | महानिर्देशक | - सदस्य-सचिव |

(६) उपनियम (५) बमोजिमको समितिले आफ्नो कार्यविधि आफै नियमित गर्नेछ।

(७) समितिको निर्णयको अभिलेख राख्ने र निर्णय कार्यान्वयन गर्ने गराउने काम महानिर्देशकको हुनेछ।

१०५ट. **तहसिल शाखामा काम गर्ने कर्मचारी निर्देशनालयको मातहत रहनेः** (१)जिल्ला अदालतका तहसिल शाखामा कार्यरत सम्पूर्ण कर्मचारीहरू निर्देशनालयको मातहतमा रहनेछन् र निजहरूको कामको अभिलेख निर्देशनालयले राख्नेछ।

(२) तहसिल शाखामा कार्यरत कर्मचारीहरूको सरुवा बढुवा भएमा सोको जानकारी अख्तियारवालाले निर्देशनालयलाई दिनु पर्नेछ।

१०५ठ. **सहयोग गर्नु पर्नेः** (१) अदालतबाट भएका फैसला वा अन्तिम आदेशको कार्यान्वयनमा खटिएका कर्मचारीलाई सहयोग गर्नु मुद्दाका पक्ष, कानून व्यवसायी, नागरिक समाज, प्रहरी प्रशासन, स्थानीय निकाय र स्थानीय व्यक्तिहरू लगायत सबै सरोकारवालाको कर्तव्य हुनेछ।

(२) फैसला कार्यान्वयनको सिलसिलामा निर्देशनालयले दिएको आदेशको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(३) फैसला कार्यान्वयनको सम्बन्धमा प्रहरी परिचालनका लागि महानिर्देशक वा निर्देशनालयको निर्देशक वा निर्देशनालयले खटाएका अधिकृतले दिएको आदेश सम्बन्धित प्रहरी कार्यालयले तदारुकताका साथ पालना गर्नु पर्नेछ ।

१०५ङ. **विवरण पठाउनु पर्ने:** (१) निर्देशनालयले फैसला कार्यान्वयन सम्बन्धी दण्ड जरिवाना र सरकारी बिगो तथा जिन्सी सामानको लगत विवरण माग गरेमा सम्बन्धित जिल्ला अदालत र अर्धन्यायिक निकायले त्यस्तो विवरण यथाशिघ्र निर्देशनालयमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त लगत विवरणलाई निर्देशनालयले जिल्लागत रुपमा अद्यावधिक गरी राख्नेछ ।

(३) प्रत्येक पुनरावेदन अदालतले कैद, दण्ड जरिवाना र सरकारी बिगोको लगत कसी असुल तहसिलको लागि सम्बन्धित जिल्ला अदालतमा पठाई सोको जानकारी निर्देशनालयलाई दिनु पर्नेछ ।

(४) अदालत वा अन्य न्यायिक निकायले आफूले असुल उपर गरेको कैद, दण्ड जरिवाना र सरकारी बिगोको विवरण मासिक रुपमा निर्देशनालयमा पठाउनु पर्नेछ ।"

२२. **मूल नियमावलीको नियम ११५ मा संशोधन :** मूल नियमावलीको नियम ११५ को उपनियम (१) को,-

(१) खण्ड (ख) को उपखण्ड (ए) पछि देहायको उपखण्ड (ऐ) थपिएको छ :-

"(ऐ) **सुरक्षा शाखा :** सर्वोच्च अदालत तथा मातहत अदालतको भवन एवं सम्पत्ति, न्यायाधीश तथा कर्मचारीको आवास गृह, न्यायाधीश, कर्मचारी, कानून व्यवसायी तथा अदालत परिसरमा रहेका साक्षी लगायत झिकाइएका व्यक्तिहरू र सेवाग्राहीको सुरक्षाको लागि अवलम्वन गर्नु पर्ने नीतिहरू तयार गर्ने, अदालतको सुरक्षा सम्बन्धी आवश्यक जनशक्ति तथा उपकरणको व्यवस्थापन गर्ने, फैसला कार्यान्वयनमा सघाउने र सुरक्षा व्यवस्थाको अनुगमन तथा निरीक्षण गरी सूचना संकलन, प्रवाह र समन्वय गर्ने काम यस शाखाले गर्नेछ ।"

(२) खण्ड (ङ) का उपखण्ड (इ) र (ई) झिकिएका छन् ।

(३) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छ :-

**(ङ१)** **सूचना प्रविधि महाशाखा :** (१) सर्वोच्च अदालत, मातहत अदालत र न्यायाधिकरण तथा सर्वोच्च अदालत र अन्य निकायहरू बीच मुद्दा मामिला लगायतका अन्य काम कारबाही सूचना प्रविधिको माध्यमबाट गर्न गराउन, सूचना सञ्जालको काम गर्न, नेपाल सरकार र सम्वद्ध अन्य निकायहरूसँग आवश्यकता अनुसार कम्प्युटर सञ्जाल विस्तार गरी सम्पर्क र समन्वय बढाउन, यान्त्रिक उपकरणहको संरक्षण गर्न, तालीम प्रशिक्षण दिन, प्राविधिक काम कारबाहीको रेखदेख र नियन्त्रण गर्न र केन्द्रीय अभिलेख राख्न सूचना प्रविधि महाशाखा रहनेछ । यस महाशाखा अन्तर्गत देहायका शाखाहरू रहनेछन् :-

**(अ)** **सफ्टवेयर सम्बन्धी शाखा** :- सर्वोच्च अदालत, मातहतका अदालत तथा सम्वद्ध निकायहरूका लागि आवश्यक पर्ने सफ्टवेयरको आवश्यकता पहिचान गरी यसको निर्माण, संशोधन र परिमार्जन गर्ने, प्राविधिक सहयोग, मर्मत सम्भार र वेभसाइट निर्माण र विस्तार गर्ने, डाटावेस तयार गर्ने र न्यायाधिकरण तथा अर्धन्यायिक निकायहरूको मुद्दाको लगत राख्ने समेतको केन्द्रीय कम्प्युटर सञ्जालको काम यस शाखाले गर्नेछ ।

**(आ)** **सिस्टम र सेक्यूरिटी सम्बन्धी शाखा** :- सर्वोच्च अदालत, मातहत अदालत तथा सम्वद्व निकायहरूका लागि आवश्यक पर्ने आन्तरिक र अन्तरसञ्जाल (इन्ट्रानेट र इन्टरनेट), कम्प्यूटर सिस्टम र सेक्यूरिटीका कुराहरूको प्रारूप (डिजाइन) तयार गर्ने, कार्यान्वयन गर्ने, मर्मत सम्भार गर्ने र आवश्यक मापदण्ड निर्धारण गरी व्यवस्थित तरिकाले सञ्चालन गर्ने गराउने काम यस शाखाले गर्नेछ ।"

(२) सर्वोच्च अदालतले सूचना प्रविधि महाशाखाको प्रमुख भई कामकाज गर्न सो अदालतले तोके बमोजिमको योग्यता पुगेको व्यक्तिलाई निर्देशकको पदमा करार सेवामा नियुक्ति गर्नेछ । महाशाखामा आवश्यकतानुसार सूचना प्रविधि सम्बन्धी अधिकृत र अन्य कर्मचारीहरु रहने छन् ।

२३. **मूल नियमावलीको अनुसूचीमा संशोधन :** मूल नियमावलीको,-

(१) अनुसूची - ५ को सट्टा यसै साथ संलग्न भए बमोजिमको अनुसूची - ५ राखिएको छ ।

(२) अनुसूची - ५ पछि यसै साथ संलग्न भए बमोजिमका अनुसूची-५क. र ५ख. थपिएका छन् ।

२४. **रुपान्तर :** मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "नेटवर्किङ" भन्ने शव्दको सट्टा "कम्प्युटर सञ्जाल" भन्ने शब्दहरु राखी रूपान्तरण गरिएको छ ।

**अनुसूची -५**
(नियम ५६ सँग सम्बन्धित)

<u>सूचनाको ढाँचा</u>

**सर्वोच्च अदालतबाट जारी भएको**
**सूचना**

संवत् .................. को ...............................नं.
....................................................................... वादी निवेदक
पुनरावेदक

**विरुद्ध**

................................................................... प्रतिवादी विपक्षी
प्रत्यर्थी

**.............................जिल्ला ............... गाउँ विकास समिति/नगरपालिका वडा नं. .... बस्ने ...............................को छोरा/छोरी/श्रीमती .........................वर्ष .......को ................का नाउँमा जारी भएको सूचना ।**

.......................................................................................................................................

यस अदालतबाट मिति ........................ मा ................................ आदेश भएकोले सो आदेशको प्रतिलिपि साथै राखी जानकारीको निमित्त यो सूचना पठाइएको छ । सो मुद्दामा आफ्नो सबुत प्रमाण लिई तपाई आफै उपस्थित हुन आउनु होला वा ऐन बमोजिमको वारेस पठाउनु होला । यो सूचना तामेल भएको १५ दिनपछि मुद्दा पेशीमा चढ्न सक्नेछ ।

आज संवत् ........... साल ........ महिना ...... गते ..... रोज ...... का दिन अदालतको छाप र मेरो दस्तखतबाट यो सूचना जारी भयो ।

......................
(अदालतको छाप)

आदेश बमोजिम
दस्तखत

**अनुसूची - ५क.**

(नियम ५८क. सँग सम्बन्धित)

**<u>मुद्दाको कारबाहीको समय तालिका</u>**

**(पुनरावेदन तहको मुद्दाका लागि)**

पुनरावेदक : ........................................................................... वादी/प्रतिवादी

**विरुद्ध**

प्रत्यर्थी : ................................................................................ वादी/प्रतिवादी

मुद्दा नं. :

**मुद्दाको नाम :**

**फाँट :**

| **सि.नं.** | **कारबाही विवरण** | **निर्धारित मिति** | **संशोधित मिति** | **कैफियत** |
|---|---|---|---|---|
| १. | पुनरावेदनपत्र दर्ता | | | |
| २. | शुरु र प्रमाण मिसिल झिकाउने | | | |
| ३. | मिसिल, प्रमाण प्राप्त | | | |
| ४. | मुद्दा सुनवाईको लागि इजलास समक्ष पेश हुने | | | |
| ५. | फैसला हुने मिति | | | |
| ६. | फैसला तयार गर्ने | | | |

**अदालतको** Website **:-** www.supremecourt.gov.np

**टोल फि नं** ...............

**अदालतले मुद्दाको कारबाही जानकारी गराउन पक्षले इच्छाएको माध्यमहरू**

(क) मूल माध्यम ( )

(ख) वैकल्पिक माध्यम ( )

...................... ........................ .......................

पक्षको सहीछाप पक्षको सहीछाप शाखा प्रमुख

इति संवत् साल महिना गते रोज शुभम् ।

**अनुसूची -५ख**
(नियम ६०क. को उपनियम (२) सँग सम्बन्धित)

**सर्वोच्च अदालतमा पेश गरेको मुद्दाको कारबाही सम्बन्धी जानकारी फाराम**

संवत् .................. को ......................नं...

मुद्दाः

......................................................................... निवेदक
पुनरावेदक / प्रत्यर्थी

मेरो यस अदालतमा विचाराधीन प्रस्तुत मुद्दाको कारबाही सम्बन्धी जानकारी देहायका माध्यमबाट लिन इच्छुक भएको व्यहोरा अनुरोध गर्दछु ।

(क) अदालतमा स्वयं उपस्थित भएर ।
(ख) अदालतले उपलब्ध गराएको टोल फ्रि नं. (            ) मा सोधेर ।
(ग) प्र.प.नं.    का वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री              लाई देहायको  माध्यमबाट खवर गरेर :-

फोन :
फ्याक्स :
इमेल :

(घ) अदालतको वेवसाइटबाट ।
(ङ) अदालतले प्रकाशन गर्ने साप्ताहिक वा दैनिक पेशी सूचीबाट ।
(च) अन्य माध्यमबाट (कुन माध्यम हो उल्लेख गर्ने )..............................

**द्रष्टव्य :** प्रकरण (घ) र (ङ) बाहेकका
(१) मूल माध्यम      (               )
(२) वैकल्पिक माध्यम (             )

निवेदकको,-
दस्तखतः
नामः

इति संवत् ....... साल ........... महिना ......... गते रोज ... शुभम् ।

## सूचना २

## पुनरावेदन अदालत (दशौं संशोधन) नियमावली, २०६७

पुनरावेदन अदालत नियमावली, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

न्याय प्रशासन ऐन, २०४८ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "पुनरावेदन अदालत (दशौं संशोधन) नियमावली, २०६७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **पुनरावेदन अदालत नियमावली, २०४८ को नियम २ मा संशोधन** : पुनरावेदन अदालत नियमावली, २०४८ (यस पछि "मूल नियमावली भनिएको) को नियम २ को खण्ड (छ) मा रहेका "कानून व्यवसायी परिषद् ऐन, २०५०" भन्ने शब्दहरुको सट्टा "नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५०" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल नियमावलीको नियम ३६क. मा संशोधन** मूल नियमावलीको नियम ३६क. मा रहेका "पैंतीस दिन" भन्ने शब्दको सट्टा "पन्ध्र दिन" भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल नियमावलीमा नियम ४१क. थप** : मूल नियमावलीको नियम ४१ पछि देहायको नियम ४१क. थपिएको छ :–

"४१क. **मुद्दाको समय तालिका उपलब्ध गराउने**: (१) पुनरावेदनपत्र दर्ता भएपछि पुनरावेदकलाई र झिकाइएका प्रत्यर्थीलाई अदालतले अनुसूची-४क. बमोजिमको ढाँचामा प्रत्येक मुद्दाको कारबाहीको समय तालिका उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको समय तालिकाको एक प्रतिमा पक्षको सहीछाप गराई शाखा प्रमुखले प्रमाणित गरी मिसिल सामेल राख्नु पर्नेछ ।"

५. **मूल नियमावलीको नियम ४२ मा संशोधन** : मूल नियमावलीको नियम ४२ को सट्टा देहायको नियम ४२ राखिएको छ :-

"४२. **तारिखमा नरहने**: (१) मुलुकी ऐन अदालती बन्दोबस्तको १९४ नं. को अवस्थामा वाहेक पुनरावेदन तहको मुद्दामा पुनरावेदक र प्रत्यर्थीलाई तारिखमा राखिने छैन ।

(२) उपनियम (१) बमोजिम तारिखमा नरहेका मुद्दाका कुनै पक्षले तारिखमा रहन पाउँ भनी निवेदन दिएमा तारिखमा राखिनेछ ।

(३) तारिखमा नरहेका मुद्दाका कुनै पक्षलाई अदालतले आवश्यकतानुसार झिकाई बुझ्न सक्नेछ।

(४) उपनियम (२) बमोजिम तारिखमा रहेका कुनै पक्षले तारिख गुजारे पनि मुद्दाको कारबाहीमा कुनै असर पर्ने छैन ।

(५) उपनियम (४) बमोजिम तारिख गुजारेको कुनै पक्षले चाहेमा जुनसुकै अवस्थामा निवेदन दिई पुनः तारिखमा रहन सक्नेछ ।

(६) यो नियम प्रारम्भ हुँदाका वखत तारिखमा रहेका पक्षहरुको हकमा समेत यस नियम बमोजिमको प्रावधान लागू हुनेछ ।"

६. **मूल नियमावलीको नियम ४६क. थप** : मूल नियमावलीको नियम ४६ पछि देहायको नियम ४६क. थपिएको छः–

"४६क. **मुद्दामा पेशी वा तारेख तोक्ने** : (१) नियम ४२ बमोजिम पुनरावेदक वा प्रत्यर्थी तारिखमा बसेको भए मुद्दाको कारबाहीको सिलसिलामा वा पेशी तारिख तोक्दा यथासम्भव निजहरूको सुविधालाई विचार गरिनेछ । निजहरुको इच्छा अनुसारको दिन पेशी वा तारिख तोक्न अदालत वाध्य

हुने छैन । मुद्दाको अंग पुगेपछि मुद्दाको चाप र समय तालिकालाई विचार गरी रजिष्ट्रारले मुद्दा पेशीमा चढाउनेछ ।

तर यसरी पेशीमा चढाउँदा पक्षहरूलाई नियम ४१क. बमोजिम उपलव्ध गराइएको समय तालिकाभन्दा अगावै पेशीमा चढाइने छैन ।

(२) पक्षहरूलाई मुद्दाको कारबाहीको स्थिति र पेशी सम्बन्धी जानकारी अनुसूची- ४ख. बमोजिमको ढाँचामा पक्षले इच्छा गरे अनुसारको कुनै एक माध्यमबाट उपलब्ध गराइनेछ । त्यसरी इच्छाउँदा मूल र वैकल्पिक गरी कुनै दुई माध्यम छनौट गरी इच्छाउन सकिनेछ ।

(३) उपनियम (२) बमोजिमको जानकारी फाराम शाखा प्रमुखले प्रमाणित गरी एक प्रति सम्बन्धित मिसिल संलग्न गरिनेछ ।"

७. **मूल नियमावलीको नियम ४९ मा संशोधनः** मूल नियमावलीको नियम ४९ को सट्टा देहायको नियम ४९ राखिएको छ :-

"४९ **रजिष्ट्रारले तारिख तोक्न लगाउने :** (१) मुख्य न्यायाधीश वा इजलासको आदेशको अधीनमा रही रजिष्ट्रारले अदालतबाट हुनु पर्ने काम वा कारबाहीको लागि मनासिव तारिख तोक्न लगाई आदेश पत्रमा मुद्दाका पक्षहरु वा निजहरुको वारिसको सही गराउनु पर्छ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सूचना प्रविधि सञ्जालमा आवद्ध मातहत अदालतबाट पनि मुद्दाका पक्षले तारिख लिन चाहेमा सम्बन्धित अदालतबाट तारिख दिन सकिनेछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ८ को उपदफा (२) बमोजिको निवेदनपत्रको पहिलो सुनुवाईको लागि त्यस्तो निवेदनपत्र दर्ता भएकै दिन वा भोलिपल्टसम्म पेश गर्ने गरी तारिख तोक्न लगाउनु पर्छ ।"

८. **मूल नियमावलीको नियम ५१ मा संशोधन** : मूल नियमावलीको नियम ५१ को उपनियम (३) को खण्ड (घ) पछि देहायका खण्ड (घ१) र (घ२) थपिएका छन् :-

"(घ१) मध्यस्थता ऐन, २०५५ अन्तर्गतका निवेदनहरू,

(घ२) करार ऐन, २०५६ को दफा ८७ अन्तर्गतका निवेदनहरू ।"

९. **मूल नियमावलीको नियम ५३ग.मा संशोधन** : मूल नियमावलीको नियम ५३ग. पछि देहायको नियम ५३ग१. थपिएको छ :-

**"५३ग१. रजिष्ट्रारले मेलमिलापमा पठाउनेः** कुनै मुद्दामा तारिखमा रहेका दुवै पक्षको पहिलो तारिख मिलान भएकै दिन मेलमिलाप प्रक्रिया अपनाउन पक्षहरूको लिखित सहमति भएमा त्यस्तो मुद्दा मेलमिलापकर्ताको सूचीमा सूचीकृत भएका व्यक्ति वा संस्था समक्ष वढीमा एक महिनाको समय दिई मेलमिलापको लागि पठाउने गरी रजिष्ट्रारले आदेश गर्न सक्नेछ ।"

१०. **मूल नियमावलीको नियम ५७ मा संशोधन :** मूल नियमावलीको नियम ५७ को उपनियम (४) मा रहेको "मृत्युदण्ड" भन्ने शब्द झिकिएको छ ।

११. **मूल नियमावलीको नियम ९६ मा संशोधन :** मूल नियमावलीको नियम ९६ को खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छ :-

"(ज१) फैसला कार्यान्वयन सम्बन्धी निर्देशन र परिपत्र बमोजिमको काम समयमा सम्पन्न भएको छ, छैन ?

१२. **मूल नियमावलीको नियम ९९ मा संशोधन :** मूल नियमावलीको नियम ९९ को उपनियम (२) को खण्ड (छ) शव्दको सट्टा देहायको खण्ड (छ) राखिएको छ :-

"(छ) मातहत अड्डा वा अदालतका न्यायाधीशहरु वा पदाधिकारीको तोके बमोजिमको उल्टी पटकेको अभिलेख ।"

१३. **मूल नियमावलीको नियम १०० मा संशोधन :** मूल नियमावलीको नियम १०० को खण्ड (ख) मा रहेका "र पूर्ण इजलास" भन्ने शब्दहरु झिकिएका छन् ।

१४. **मूल नियमावलीमा नियम ११२ख. थप :** मूल नियमावलीको नियम ११२क. पछि देहायको ११२ख. थपिएको छः-

"११२ख. **पुनरावेदन न्याय क्षेत्र समन्वय समितिः** (१) पुनरावेदन अदालत, मातहत अदालत र न्यायिक निकायहरूको काम कारबाही सुव्यवस्थित ढंगले सञ्चालन गराउन, जिल्ला न्यायक्षेत्र समन्वय समितिका काम कारबाही, न्यायपालिकाको रणनीतिक योजना, फैसला र आदेशको कार्यान्वयनलाई प्रभावकारिता दिन र अदालतको सुरक्षा व्यवस्थालाई समेत समन्वय गर्न देहाय बमोजिमको एक पुनरावेदन न्याय क्षेत्र समन्वय समिति रहनेछ :-

(क) मुख्य न्यायाधीश - अध्यक्ष

(ख) क्षेत्रीय प्रशासक वा क्षेत्रीय प्रशासक नरहेको ठाउँमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी - सदस्य

(ग) सहन्यायाधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय - सदस्य

(घ) क्षेत्रीय प्रहरी कार्यालय प्रमुख वा निज नभएको ठाउँमा सवैभन्दा माथिल्लो प्रहरी कार्यालयका प्रमुख - सदस्य

(ङ) अध्यक्ष, सम्बन्धित बार एकाई - सदस्य

(च) मुख्य न्यायाधीशले तोकेको नागरिक समाजको प्रतिनिधि एक जना -सदस्य

(छ) रजिष्ट्रार - सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) पुनरावेदन न्याय क्षेत्र समन्वय समितिको बैठकमा अध्यक्षले आवश्यक सम्झेका अन्य न्यायाधीश र पुनरावेदन तहका अन्य कार्यालय प्रमुखलाई पनि आमन्त्रण गर्न सक्नेछ ।

(४) पुनरावेदन न्याय क्षेत्र समन्वय समितिको बैठकमा अदालतमा विचाराधीन कुनै मुद्दाको सम्बन्धमा कुनै पनि पदाधिकारीको व्यक्तिगत आचरणको विषयमा र अरु कुनै निकायसंग असम्बन्धित नितान्त आन्तरिक विषयमा छलफल गरिने छैन ।

(५) पुनरावेदन न्याय क्षेत्र समन्वय समितिले आफ्नो काम कारबाहीको त्रैमासिक प्रतिवेदन केन्द्रीय न्याय क्षेत्र समन्वय समिति समक्ष पेश गर्नु पर्नेछ ।

१५. **मूल नियमावलीको अनुसूचीमा संशोधन :** मूल नियमावलीको,-

(१) अनुसूची - ४ को सट्टा यसै साथ संलग्न भए बमोजिमको अनुसूची - ४ राखिएको छ ।
(२) अनुसूची - ४ पछि यसै साथ संलग्न भए बमोजिमका अनुसूची-४क. र ४ख. थपिएका छन् ।

अनुसूची -४

**(नियम ४७ सँग सम्बन्धित)**

सूचनाको ढाँचा

**पुनरावेदन अदालतबाट जारी भएको**

**सूचना**

संवत् .................. को ................................नं. ............... निवेदक

............................................................................. वादी पुनरावेदक

**विरुद्ध**

............................................................... प्रतिवादी विपक्षी

प्रत्यर्थी

**..............................जिल्ला ................ गाउँ विकास समिति/नगरपालिका वडा नं. .... बस्ने ..............................को छोरा/छोरी/श्रीमती ..........................वर्ष .......को ................का नाउँमा जारी भएको सूचना ।**

**.......................................................................................................................................**

यस अदालतबाट मिति ......................... मा ............. आदेश भएकोले सो आदेशको प्रतिलिपि साथै राखी जानकारीको निमित्त यो सूचना पठाइएको छ । सो मुद्दामा आफ्नो सबुत प्रमाण लिई तपाई आफै उपस्थित हुन आउनु होला वा ऐन बमोजिमको वारेस पठाउनु होला । यो सूचना तामेल भएको १५ दिनपछि मुद्दा पेशीमा चढ्न सक्नेछ ।

आज संवत् ............ साल ........ महिना ...... गते ..... रोज ...... का दिन अदालतको छाप र मेरो दस्तखतबाट यो सूचना जारी भयो ।

......................

(अदालतको छाप)

आदेश बमोजिम

दस्तखत

अनुसूची - ४क.

**(नियम ४१क. सँग सम्बन्धित)**

पुनरावेदन अदालत ..........

**मुद्दाको कारबाहीको समयतालिका**

**(पुनरावेदन तहको मुद्दाका लागि)**

पुनरावेदक : ............................................................... वादी/प्रतिवादी

**विरुद्ध**

प्रत्यर्थी : ...................................................................... वादी/प्रतिवादी

मुद्दा नं. :

मुद्दाको नाम :

| सि.नं. | कारबाही विवरण | निर्धारित मिति | संशोधित मिति | कैफियत |
|---|---|---|---|---|
| १. | पुनरावेदनपत्र दर्ता | | | |
| २. | शुरु र प्रमाण मिसिल झिकाउने | | | |
| ३. | मिसिल, प्रमाण प्राप्त | | | |
| ४. | मुद्दा सुनवाईको लागि इजलास समक्ष पेश हुने | | | |
| ५. | फैसला तयार गर्ने | | | |

**अदालतको Website-**
**टोल फि नं ..............**

**अदालतले मुद्दाको कारबाही जानकारी गराउन पक्षले इच्छाएको माध्यमहरू**

(क) मूल माध्यम ( )
(ख) वैकल्पिक माध्यम ( )

............................

पक्षको सहीछाप पक्षको सहीछाप शाखा प्रमुख

इति संवत् साल महिना गते रोज शुभम् ।

अनुसूची -४ख

**(नियम ४६क.को उपनियम (२) सँग सम्बन्धित)**

**पुनरावेदन अदालतमा पेश गरेको मुद्दाको कारबाही सम्बन्धी जानकारी फाराम**

संवत् .................. को ......................नं...

**मुद्दाः**

........................................................................ निवेदक

पुनरावेदक / प्रत्यर्थी

मेरो यस अदालतमा विचाराधीन प्रस्तुत मुद्दाको कारबाही सम्बन्धी जानकारी देहायका माध्यमबाट लिन इच्छुक भएको व्यहोरा अनुरोध गर्दछु ।

(क) अदालतमा स्वयं उपस्थित भएर ।
(ख) अदालतले उपलव्ध गराएको टोल फ्रि नं. ( ) मा सोधेर ।
(ग) प्र.प.नं. का वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री लाई देहायको माध्यमबाट खवर गरेर :-

फोन :
फ्याक्स :
इमेल :

(घ) अदालतको वेवसाइटबाट ।
(ङ) अदालतले प्रकाशन गर्ने साप्ताहिक वा दैनिक पेशी सूचीबाट ।
(च) अन्य माध्यमबाट (कुन माध्यम हो उल्लेख गर्ने )..............................

**द्रष्टव्य :** प्रकरण (घ) र (ङ) बाहेकका
(१) मूल माध्यम ( )
(२) वैकल्पिक माध्यम ( )

निवेदकको,-
दस्तखतः
नामः

इति संवत् ....... साल ........... महिना ......... गते रोज ... शुभम् ।

सूचना ३

## जिल्ला अदालत (आठौं संशोधन) नियमावली, २०६७

जिल्ला अदालत नियमावली, २०५२ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

न्याय प्रशासन ऐन, २०४८ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "जिल्ला अदालत (आठौं संशोधन) नियमावली, २०६७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **जिल्ला अदालत नियमावली, २०५२ को नियम ४ख. थप** : जिल्ला अदालत नियमावली, २०५२ (यस पछि "मूल नियमावली" भनिएको), को नियम ४क. पछि देहायको ४ख. थपिएको छ :-

"४ख. **जिल्ला न्याय क्षेत्र समन्वय समिति** : (१) जिल्ला अदालतको काम कारबाहीलाई सुव्यवस्थित ढंगले सञ्चालन गर्न, जिल्ला तहका न्यायक्षेत्रका विभिन्न निकायहरू बीचको काम कारबाहीमा समन्वय गरी न्यायपालिकाको रणनीतिक योजना, फैसला र आदेशको कार्यान्वयनका लागि सहयोग जुटाउन र अदालतको सुरक्षा व्यवस्थालाई समेत समन्वय गर्न देहाय बमोजिमको एक जिल्ला न्याय क्षेत्र समन्वय समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | जिल्ला न्यायाधीश | - अध्यक्ष |
| (ख) | प्रमुख जिल्ला अधिकारी | - सदस्य |
| (ग) | जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय | - सदस्य |
| (घ) | प्रमुख, जिल्ला प्रहरी कार्यालय | - सदस्य |
| (ङ) | अध्यक्ष, सम्बन्धित बार एकाई | - सदस्य |
| (च) | कारागार प्रमुख | - सदस्य |
| (छ) | जिल्ला न्यायाधीशले मनोनीत गरेको जिल्लास्थित नागरिक समाजको प्रतिनिधि एकजना | - सदस्य |
| (ज) | श्रेस्तेदार | - सदस्य-सचिव |

(२) उपनियम (१) को खण्ड (छ) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) एकभन्दा बढी न्यायाधीश रहेका जिल्ला अदालतका हकमा अन्य न्यायाधीश, जिल्ला स्थित स्थानीय निकाय, अन्य कार्यालयका प्रमुखलाई अध्यक्षले आवश्यकतानुसार जिल्ला न्याय क्षेत्र समन्वय समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) जिल्ला न्याय क्षेत्र समन्वय समितिले आफ्नो काम कारबाहीको त्रैमासिक प्रतिवेदन केन्द्रीय न्याय क्षेत्र समन्वय समिति र सम्बन्धित पुनरावेदन तहको न्याय क्षेत्र समन्वय समिति समक्ष पेश गर्नु पर्नेछ ।

(५) जिल्ला न्याय क्षेत्र समन्वय समितिको बैठकमा अदालतमा विचाराधीन कुनै मुद्दाको सम्बन्धमा कुनै पनि पदाधिकारीको व्यक्तिगत आचरणको विषयमा र अन्य कुनै निकायसंग असम्बन्धित एउटै निकायको नितान्त आन्तरिक विषयमा छलफल गरिने छैन ।

३. **मूल नियमावलीको नियम ८ मा संशोधन** : मूल नियमावलीको नियम ८ को उपनियम (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ :-

"(छ) फैसला कार्यान्वयनको सम्बन्धमा परेका कानून बमोजिम मिलापत्र हुन सक्ने मुद्दाका निवेदनहरू कानून बमोजिम मेलमिलापकर्ता समक्ष पठाउन आदेश गर्ने र मेलमिलाप हुने भएमा मिलापत्र गराउने ।"

४. **मूल नियमावलीमा नियम २३ग. थप**: मूल नियमावलीको नियम २३ख. पछि देहायको २३ग. थपिएको छः-

"२३ग. **मुद्दामा लगातार कारबाही र सुनुवाई गरिने:** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची-४ख. बमोजिमका मुद्दाहरू अदालतमा अभियोगपत्र पेश भएपछि अभियोग लगाइएका सवै प्रतिवादीहरू उपस्थित गराइएकोमा निजहरूको वयान गराई अदालतले आदेश दिएमा लगातार प्रमाण परीक्षण गरिनेछ ।

(२) उपनियम (१) बमोजिमका मुद्दाहरूमध्ये सरकार वादी फौजदारी मुद्दाका हकमा अदालतले तोकेको दिनमा अभियोजनकर्ताले समेत साक्षी गवाह पेश गर्नु पर्नेछ ।

(३) प्रतिवादीले वयान गर्दा खुलाएका साक्षी प्रमाणहरू तत्कालै निजले उपस्थित गराउन वा प्रमाण पेश गर्न सक्ने भएमा सुनुवाईलाई निरन्तरता दिई प्रमाण परीक्षण गरिनेछ ।

(४) उपनियम (१) र (३) बमोजिमको कार्यविधि पूरा भएपछि थप प्रमाण परीक्षण गर्न आवश्यक नभए अदालतले तत्कालै निर्णय गर्न सक्नेछ ।"

५. **मूल नियमावलीमा नियम ३२ख१. मा थप:** मूल नियमावलीको नियम ३२ख. पछि देहायको ३२ख१. थपिएको छः-

"३२ख१ **मेलमिलापमा पठाउने** (१) मुद्दामा दुवै पक्ष उपस्थित भएको पहिलो तारिखकै दिन कानून बमोजिम मिलापत्र हुन सक्ने मुद्दाका पक्षहरूलाई मेलमिलाप गर्न श्रेस्तेदारले उत्प्रेरित गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दुवै पक्षले लिखित सहमति जनाएमा श्रेस्तेदारले बढीमा एक महिनाको समय दिई त्यस्तो मुद्दा मेलमिलापकर्ताको सूचीमा सूचीकृत भएका व्यक्ति वा संस्था समक्ष मेलमिलापको लागि पठाउनेछ ।"

६. **मूल नियमावलीको नियम ७० मा संशोधन:** मूल नियमावलीको नियम ७० को,-

(१) उपनियम (४) मा रहेका "पचासका दरले" भन्ने शब्दको सट्टा "एकसय पचासका दरले" भन्ने शव्दहरु राखिएका छन् ।

(२) उपनियम (४) पछि देहायको (४क) थपिएको छः-

"(४क) जरिवाना र सरकारी बिगो वापत पक्राउ भई आएको व्यक्तिले जरिवाना नतिरी कैद बस्छु भनी कागज गरी अदालतबाट कैद ठेकिएकोमा पक्राउ गरी ल्याउने डोर कर्मचारी, प्रहरी कर्मचारी, अन्य व्यक्ति वा संस्था समेत जो सुकैले ठेकिएको कैदको प्रति कैद महिना एकको एकसय पचासका दरले हुन आउने रकम पुरस्कार स्वरूप पाउनेछ ।"

७. **मूल नियमावलीको नियम ७३ मा संशोधन:** मूल नियमावलीको नियम ७३ को,-

(१) खण्ड (ख) मा रहेका "एकसय रुपैंयाँसम्मको" भन्ने शब्दहरुको सट्टा "एकहजार रुपैंयाँसम्मको" र "पाँचसय रुपैंयाँसम्मको" भन्ने शब्दको सट्टा "पाँचहजार रुपैंयाँसम्मको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ग) मा रहेका "पाँचसय रुपैंयाँसम्मको" भन्ने शब्दहरुको सट्टा "पाँचहजार रुपैंयाँसम्मको" र "तीन महिनासम्मको" भन्ने शब्दको सट्टा "छ महिनासम्मको" भन्ने शब्दहरु राखिएका छन् ।

(३) खण्ड (घ) मा रहेका "एकहजार रुपैंयाँसम्मको" भन्ने शब्दको सट्टा "दशहजार रुपैंयाँसम्मको" र "छ महिनासम्मको" भन्ने शब्दको सट्टा "एकवर्षसम्मको" भन्ने शब्दहरु राखिएका छन् ।

८. **मूल नियमावलीमा नियम ८०ख. र ८०ग. मा थप :** मूल नियमावलीको नियम ८०क. पछि देहायको ८०ख. र ८०ग. थपिएका छन् :-

"८०ख. **मेलमिलापमा पठाउन सकिने:** फैसला कार्यान्वयनको लागि पर्न आएका निवेदनको विषयमा मेलमिलाप प्रक्रिया अपनाउन पक्षहरूले लिखित सहमति जनाएमा तहसिलदारले त्यस्ता निवेदनहरू अदालतका मेलमिलापकर्ताको सूचीमा सूचीकृत भएका व्यक्ति वा संस्था समक्ष मेलमिलापको लागि बढीमा पैतालीस दिनको समय दिई पठाउन सक्नेछ ।

८०ग. **मिलापत्र गराउन सक्ने :** (१) नियम ८०ख. बमोजिम पक्षहरूका बीच मेलमिलाप भई मिलापत्र गर्न मञ्जुर भएमा मेलमिलापकर्ताले सोही व्यहोराको मिलापत्रको दरखास्त र मिलापत्रको कागज तयार गरी वा गर्न लगाई तहसिलदार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त दरखास्त बमोजिम तहसिलदारले प्रचलित कानून बमोजिम मिलापत्र गराउनु पर्नेछ । मिलापत्र गराएकोमा मिलापत्रको कागजमा उल्लिखित विगोमा प्रचलित कानून बमोजिम लाग्ने दस्तुर असुल गरिनेछ ।

(३) मिलापत्रको दरखास्त तयार गर्ने प्रयोजनको लागि पक्षहरूले अनुरोध गरेमा तहसिलदारले वैतनिक कानून व्यवसायीबाट मिलापत्रको दरखास्त लेखाई दिन सक्नेछ ।"

९. **मूल नियमावलीको नियम ८७ मा संशोधन:** मूल नियमावलीको नियम ८७ को उपनियम (२) मा रहेका "छ प्रतिशत" "पाँच प्रतिशत" "चार प्रतिशत" "तीन प्रतिशत" "दुई प्रतिशत" र "एक प्रतिशत" भन्ने शब्दहरुको सट्टा क्रमश: "पन्ध्र प्रतिशत" "तेह्र प्रतिशत" "एघार प्रतिशत" "नौं प्रतिशत" "सात प्रतिशत" र "पाँच प्रतिशत" भन्ने शब्दहरु राखिएका छन् ।

१०. **मूल नियमावलीको नियम ९०क. मा संशोधन:** मूल नियमावलीको नियम ९०क. को सट्टा देहायको ९०क. राखिएको छ :-

"९०क. **रोक्का भएका वा दसीमा प्राप्त भएका मालसामान फिर्ता वा लिलाम गर्ने कार्यविधि:** (१) फौजदारी मुद्दामा दसी स्वरूप प्राप्त हुन आएका जफत गर्नु पर्ने दावी नभएका र मालसामानको स्वामित्व सम्बन्धमा पनि विवाद नरहेको अवस्थाका मालसामान सम्बन्धित मालधनीले मुद्दा किनारा हुनु अगावै फिर्ता पाउन निवेदन गरेमा अदालतले त्यस्ता मालसामान मालधनीलाई फिर्ता दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मुद्दा दायर भएको एक महिनाभित्र धनीले मालसामान फिर्ता नलगेमा अदालतले सम्बन्धित प्रहरीमार्फत मालधनीलाई मालसामान फिर्ता लैजान सूचना गर्नेछ ।

(३) उपनियम (२) बमोजिम सूचना पाएको एक महिनाभित्र मालसामान फिर्ता नलगेमा मुद्दा अन्तिम किनारा नहुँदासम्म त्यसै राख्दा खिया लागी, टुटी फुटी, सडिगली वा अन्य कुनै परिबन्दबाट नोक्सान हुन जाने देखिएमा त्यस्तो मालसामानको उपनियम (४) बमोजिमको समितिबाट मूल्याङ्कन गराई मालसामान लिलाम गर्नु पर्नेछ ।

(४) उपनियम (३) को प्रयोजनको लागि देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ :-

(क) सम्बन्धित अदालतको श्रेस्तेदार -अध्यक्ष

(ख) कोष तथा लेखा नियन्त्रक कार्यालयको अधिकृत स्तरको प्रतिनिधि -सदस्य

(ग) जिल्ला सरकारी वकील कार्यालयले तोकेको अधिकृत स्तरको प्रतिनिधि -सदस्य

(घ) जिल्ला न्यायाधीशले तोकेको सम्बन्धित विषयको विशेषज्ञ -सदस्य

(ङ) सम्बन्धित अदालतको तहसिलदार - सदस्य-सचिव

(५) उपनियम (४) बमोजिमको समितिमा सम्बन्धित विषयको ज्ञान भएका अन्य व्यक्तिलाई पनि समितिले आवश्यकतानुसार आमन्त्रण गर्न सक्नेछ ।

(६) उपनियम (४) बमोजिमको समितिले मूल्य कायम गर्दा देहायका कुरामा विचार गर्नु पर्नेछ:-

(क) बजारमा प्रचलित मूल्य,
(ख) सम्बन्धित मुद्दामा उल्लेख भएको वा ह्रास भएको मूल्य,
(ग) मालसामानको हालको अवस्था, उपयोगिता, सेवाआयु, ह्रास कट्टी, अवशेष मूल्य,
(घ) मोडल, बनेको साल र मोडल आउटडेटेडको अवस्था ।

(७) भन्सार नतिरेका मालसामानको मूल्य कायम गर्दा भन्सार महसूल तथा प्रचलित कानून बमोजिम कर समेत समावेश गरी सो रकममा समेत ह्रास कट्टी गर्नु पर्नेछ ।

(८) उपनियम (४) बमोजिमको समितिबाट मूल्याङ्कन भएको मालसामान लिलाम गर्नको लागि मालसामानको विवरण, न्यूनतम् मूल्याङ्कन रकम, लिलाम हुने स्थान, समय र मिति, लिलाम बोल्नु अघि न्यूनतम मूल्यको दश प्रतिशत रकम धरौटी राख्नु पर्ने कुरा र फाराम दस्तुरको रकम खुलाई घटीमा पन्ध्र दिनको समय दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी लिलाम गर्नु पर्नेछ ।

(९) उपनियम (८) बमोजिम प्रकाशित सूचनामा कसैको दरखास्त नपरी वा परेर पनि लिलाम हुन नसकेमा घटीमा सात दिनको समय दिई पुनः एकपटक उपनियम (८) बमोजिम सूचना प्रकाशन गरी लिलाम गर्नु पर्नेछ ।

(१०) यस नियम बमोजिम लिलाम हुन नसके वा मालधनीले फिर्ता नलगेमा न्यायाधीशको अनुमति लिई जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, जिल्ला सरकारी वकील कार्यालय, जिल्ला प्रहरी कार्यालय र स्थानीय निकायले तोकेका आ-आफ्ना कार्यालयका प्रतिनिधिहरूको रोहवरमा तहसिलदारले वार्ताद्वारा कायम हुने मूल्यमा सिधै बिक्री गर्न सक्नेछ ।

(११) लिलाम बिक्री गरी आएको रकम धरौटी खातामा आम्दानी बाँधी राखी मुद्दा किनारा हुँदा ठहरे बमोजिम गर्नु पर्नेछ ।

(१२) यस नियम बमोजिम लिलाम वा बिक्री भएका सवारी साधन वा दर्ता गर्नु पर्ने मेशीनरी सामान लिलाम सकार वा खरिद गर्ने व्यक्तिको नाममा दर्ता गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।"

११. **मूल नियमावलीमा नियम ९०ख. र ९०ग. मा थप :** मूल नियमावलीको नियम ९०क. पछि देहायका ९०ख.र ९०ग. थपिएका छन् :-

"९०ख. **जफत हुने मालसामान लिलाम गर्ने कार्यविधिः** (१) अदालतको अन्तिम फैसलाले जफत हुने ठहरेका मालसामान लिलामको मूल्याङ्कन गर्नका लागि देहाय बमोजिमको समिति रहनेछः-

(क) श्रेस्तेदार - अध्यक्ष

(ख) जिल्ला सरकारी वकील कार्यालयको प्रतिनिधि - सदस्य

(ग) कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि - सदस्य

(घ) स्थानीय निकायको प्रतिनिधि - सदस्य

(ङ) तहसिलदार - सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिमा सम्बन्धित विषयको ज्ञान भएका अन्य व्यक्तिलाई समेत समितिले आवश्यकतानुसार आमन्त्रण गर्न सक्नेछ ।

(३) अदालतको अन्तिम फैसलाले जफत हुने ठहरेका मालसामान उपनियम (१) बमोजिमको समितिले लिलामको लागि सूचना प्रकाशन गर्दा मालसामानको विवरण, न्यूनतम मूल्य, लिलाम हुने स्थान, समय र मिति तथा न्यूनतम मूल्यको दश प्रतिशत धरौटी राख्नु पर्ने कुरा समेत खुलाई बढीमा पन्ध्र दिनको समय तोकी अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, मालपोत कार्यालय, जिल्ला प्रहरी कार्यालय र स्थानीय निकायमा समेत सूचना टाँस गरी लिलाम गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्रकाशित सूचनामा कसैको दरखास्त नपरी वा परेर पनि न्यूनतम् मूल्यमा लिलाम हुन नसकेमा घटीमा सात दिनको समय दिई पुनः एकपटक उपनियम (३) बमोजिम सूचना प्रकाशन गरी लिलाम गर्नु पर्नेछ ।

(५) उपनियम (३) र (४) बमोजिम दुई पटकसम्म लिलाम गर्दा पनि लिलाम हुन नसकेमा अदालतको लागि प्रयोगमा आउने मालसामान भए सर्वोच्च अदालतको अनुमति लिई अदालतको नाममा दर्ता गर्न वा न्यायाधीशको अनुमति लिई जिल्ला प्रशासन कार्यालय,

कोष तथा लेखा नियन्त्रक कार्यालय, सरकारी वकील कार्यालय, जिल्ला प्रहरी कार्यालय र स्थानीय निकायको प्रतिनिधिहरूको रोहवरमा तहसिलदारले मालसामान वार्ताद्वारा कायम हुने मूल्यमा सिधै बिक्री गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिम बिक्री हुन नसकेका प्रयोगमा आउन नसक्ने मालसामान जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, सरकारी वकील कार्यालय र स्थानीय निकायका प्रतिनिधिहरूको रोहबरमा तहसिलदारले मुचुल्का खडा गरी सार्वजनिक रूपमा सडाउने, जलाउने वा अन्य प्रकारले नष्ट गर्ने वा हटाउने काम गर्न सक्नेछ ।

९०ग. **विशेष प्रकृतिका मालसामानको व्यवस्थापनः** (१) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दशीको रूपमा आएका प्रचलित कानून बमोजिम लिलाम गर्न नमिल्ने वन्यजन्तुको आखेटोपहार, रक्तचन्दन, यार्सागुम्बा वा अन्य विभिन्न जडिबुटीहरू तथा वन पैदावार मुद्दा चल्दैका अवस्थामा वा मुद्दा फैसला भई अन्तिम हुन बाँकी रहेतापनि सडी गली वा अन्य कुनै तरिकाले नष्ट भई जाने अवस्था भएमा त्यस्ता मालसामानको हकमा अदालतबाट निर्णय भए बमोजिम व्यवस्थापन गरिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतमा पेश हुन आएका दशीका मालसामान ऐतिहासिक वा पुरातात्विक वा राष्ट्रिय महत्वका हुन् भन्ने अदालतलाई लागेमा अदालतको निर्णय वा इजलासको आदेश बमोजिम त्यस्ता मालसामानको प्रकृति अनुसार राष्ट्रिय पुस्तकालय वा राष्ट्रिय संग्रहालय वा राष्ट्रिय अभिलेखालयमा वा अन्य सम्बन्धित सरकारी निकायमा राष्ट्रिय सम्पत्तिको रूपमा राख्न पठाइनेछ ।”

१२. **मूल नियमावलीमा अनुसूची थप :** मूल नियमावलीको अनुसूची-४क. पछि यसैसाथ संलग्न भए बमोजिमको अनुसूची-४ख. थपिएको छ ।

अनुसूची - ४ख.

**(नियम २३ग.  सँग सम्बन्धित)**

**लगातार कारबाही र सुनुवाई गरिन मुद्दा**

(१) अपहरण तथा शरीर बन्धक
(२) आगलागी
(३) घरेलु हिंसा सम्बन्धी
(४) सबै प्रकारको चोरी
(५)  जवरजस्ती करणी
(६) जीउ मास्ने वेच्ने
(७) ठगी
(८) मानव वेचविखन तथा ओसार पसार
(९) लागू औषध
(१०) सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मुद्दाहरु ।

आज्ञाले,

डा.रामकृष्ण तिमल्सेना
रजिष्ट्रार